कक्षा: ११

सङ्काय: व्यवस्थापन

विषय : नेपाली

१ ) तल दिइएका वर्णहरूको उच्चारण स्थान र उच्चारण प्रयत्न चिनाउनुहोस् :

घ, प, र, ज, ह

**२) शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :**

तेस्तै भासाको देषमा लवजको दसा हुन्छ कोही कोही शब्दहरु दूब्ला पातला भयका छन् । तिनीहरुको प्राचिन महत्व उडेको छन्

**३) तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :**

नेपाल प्राकृतिक सम्पदा र सांस्कृतिक वैभवको दृष्टिले धनी देश भए तापनि आधुनिक विकासमा पछाडि परेको छ । नवीन चिन्तन र सङ्गठित प्रयासविना देशविकास सम्भव छैन ।

**४) तलको अनुच्छेदबाट दुई दुई ओटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नुहोस् :**

विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । भलादमीको प्रमाण पत्र सधैँ उसको शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो ।

**५) कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :**

**क) तलको दिइएका उपसर्ग र प्रत्ययद्वारा एक एक शब्द निर्माण गर्नुहोस् :**

उपसर्ग : परा, परि, कु

प्रत्यय : इलो, तव्य, अक्कड

**प्र.नं.६. कुनै प्रश्नको उत्तर दिनुहोस् :**

**क) तलको अनुच्छेदमा रहेका बहु वचनलाई एक वचन र एक वचनलाई बहु वचनमा परिवर्तन गर्नुहोस् :**

मेरा साथीहरू कलेज पढ्न गए । म चाहिँ गाउँको मायाले यही पढ्न थालेँ । उनीहरू सहरमा धुवाँधुलो खाएर बसेका छन् । म गाउँको स्वच्छ हावापानीमा रमाइ रहेको छु । आखिर पढाइ त उनीहरूको र मेरो एउटै त हो नि ।

**ख) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा मिलाई पुनर्लेखन गर्नुहोस् :**

ऊ पोखरामा बस्छ । ऊ विद्यालयमा पढाउँछ । उसकी एउटी महिला साथी छे । ऊ संस्थानमा काम गर्छे । ऊ आफ्नी महिला साथीलाई पार्कमा घुम्न जाने प्रस्ताव गर्छ ।

**प्र.नं.७. तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :** (६)

यसपालि तिजमा मेरो बहिनी सहरबाट गाउँ आयो । मैले उसलाई भेट्नु पायो । ऊ धेरै खुसी भयो । म पनि खुसी भई । मैले उहाँलाई बजार घुमायो । ऊ फेरि सहर फर्किनभयो ।

**प्र.नं.८. उत्तर दिनुहोस् :** (२ ×४= ८)

**ख) तलका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

धनजितेको परिवार बिरामी भएन । ऊ गुमानेसँग बोल्थ्यो । धनजिते उठ्न सक्यो । गुमानेलाई उसप्रति दयामाया जागेन । उसले गाईवस्तुको हेरचाह गरिदिएन । उसले धनजितेको स्याहार गरेन । गुमानेले आशामरू साहुले भनेको कुरा मान्यो । धनजिते र उसको परिवारलाई निको भएन ।

**ग) आवश्यक थपघट गरी वाच्य परिवर्तन गर्नुहोस् :**

यस वर्ष छुट्टीमा घुम्न गइन्छ । नयाँ नयाँ ठाउँ हेरिन्छन् । आवश्यकतानुसार सामानहरू किनिन्छन् । त्यहीँ बसेर रमाइलो पनि गरिन्छ । दुई हप्तापछि घर फिरिन्छ । देखिएको कुरा सबैलाई सुनाइन्छ । यात्रा संस्मरण लेखिन्छ । मौका परे पत्रिकामा पनि छपाइन्छ ।

**(९) तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्:** (१०)

लोकतन्त्रमा सूचनका माध्यमहको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूको समेत प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारको तर्फबाट हुने परिपाटी अझै पनि नभएका होइन तर छापा माध्यम भने प्राय : सरकारद्वारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले छापा माध्यम सरकारले चलाइरहेको छ । लोकतन्त्रको पुनर्स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरूमाथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणत्मक परिवर्तन भने आउन सकेको देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवथित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनको कारण हुन पुगेको स्वाभाविक परिणाम मात्र अनुभव हुन्छ ।

**प्रश्नहरू**

(अ) लोकतन्त्रमा सञ्चार माध्यमको व्यवस्थापन कसरी गर्नु उचित हुन्छ ?

(आ) लोकतन्त्रको पुनस्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी कस्तो थियो ?

(इ) लोकतन्त्रले सञ्चार क्षेत्रमा कस्तो परिवर्तन ल्यायो ?

(ई) नेपालमा सरकारी स्तरबाट के कस्ता सञ्चार माध्यमहरू सञ्चालित छन् ?

(उ) 'प्रसारण माध्यम' र 'अपेक्षाकृत' शब्दको अर्थ लेख्नुहोस् ।

**१०. तलको अनुच्छेद पढी मुख्य मुख्य चार बुँदा टिपोट गरी सारांश लेख्नुहोस्:**

नेपालमा पछिल्ला दिनहरुमा छापा साथसाथै विद्युतीय माध्यमको तीव्र विकास भइरहेको छ । यसको प्रतिफल स्वरुप आम सञ्चार र पत्रकारिता विषयको अध्ययनका लागि शैक्षिक वातावरण पनि बन्दै गएको छ । आज देशमा विश्वविद्यालयस्तरमा आम सञ्चार र पत्रकारिता विषयको अध्ययन अध्यापन हुने तथा अनेक तालिम दिने संस्थाहरु पनि सक्रिय रहेको अवस्था छ । यस्तो स्थितिमा अहिलेका लोकप्रिय माध्यमका रुपमा रहेका एफ.एम. रेडियोहरुमा अन्य विभिन्न कार्यक्रमहरु प्रसारित हुने गरे तापनि आम सञ्चार र पत्रकारितासँग सम्बन्धित कुनै कार्यक्रम छैन । वस्तुत: अहिले यस प्रकृतिको कार्यक्रमको आवश्यकता रहेको छ । प्रस्तावित रेडियो कार्यक्रमले नेपालमा आम सञ्चार र पत्रकारिताको व्यावसायिक एवम् शैक्षिक गतिविधि तथा यस विषयमा उच्च शिक्षा अध्ययनबाट प्राप्त हुने अवसर बारेमा प्रसारण गर्ने हुनाले यसबाट एकातिर सर्वसाधारण तथा विद्यार्थी अरुलाई उच्च शिक्षा तथा तालिम प्रप्त गर्ने कुन-कुन संस्थाहरू छन् भन्ने बारे जानकारी सहजै मिल्छ ।

**प्र.नं.११. आफ्नो घरमा एउटा टेलिफोन लाइन जडान गरिदिन अनुरोध गर्दै स्थानीय दूर सञ्चार कार्यालयका प्रमुखलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस् ।**

**प्र.नं.१२. 'बढ्दो वातावरण प्रदूषण र यसको असर' शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद  लेख्नुहोस् ।**

**(१३) तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस :**

(क) मेरो सपनाको नेपाल    (ख) विज्ञानको चमत्कार

(ग) लोकतन्त्र र अनुशासन

**१४. कुनै  प्रश्नको उत्तर दिनुहोस् :**

(क)नेपालमा विद्यमान संस्कृतिका सबल र दुर्बल पक्षको चर्चा गर्नुहोस् ।

(ख) 'गाउँको माया' कथामा लेखकले कस्तो समाजको चित्रण गरेका छन् ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।

कक्षाः  १२

सङ्कायः व्यवस्थापन

विषय : नेपाली

:

**(१) निम्न लिखित शब्दहरूको मानक उच्चारणका आधारमा  अक्षर संरचना देखाई अक्षर सङ्ख्या पनि लेख्नुहोस्** :

झ्याल,   भव्य, निरीक्षण,गर्ल्यामगुर्लुम,     खैलाबैला, ज्ञानी, अतिरिक्त, महिमाशाली

**२. शुद्ध गरी उत्तर पुस्तिकामा सार्नुहोस् :**

बिचरो बुढो जहान बच्चा कोहि नभएको येक्लो भए पनी खानै पर्ने बुढो एक दिन फट्केको भिरबाट माथी देखि नै खशेर तल ढुङ्गामा बज्रेछ ।

**३. तलका शब्दहरूको शब्द वर्ग छुट्याउनुहोस् :**

म सहर नजिकै गाउँमा डेरा गरी नित्य सहर जान्थेँ । बाटामा आफ्नै उमेरकी आइमाईसँग भेट भयो र सँगै गइयो । साँझमा हामी सँगैफर्क्यौं ।

**४. तलको अनुच्छेदबाट दुई/दुई ओटा तत्सम  र आगन्तुक शब्द खोजेर टिप्नुहोस् :**

आजका बच्चालाई जन्मिदै मोबाइल चाहिन्छ । ल्याप्टपमा खेल्न र टेलिभिजनमा झुण्डिन पाए पुग्यो । घरमा आएका अतिथि वा पाहुनालाई नमस्कार गरी आफ्नौ कोठामा दौडनु उनीहरूको परिचय बनेको छ । हेरौं भविष्यमा ती कस्ता हुन्छन् ।

**५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् :**

(क) **तलको अनुच्छेदबाट तीन/तीन ओटा उपसर्ग र प्रत्यय लागेर बनेका शब्दहरूको पहिचान गरी लेख्नुहोस्** :

नेपालले विज्ञान र प्रविधिका क्षेत्रमा निकै उन्नति गरेको छ । यस्तै प्रकारले फड्को मार्दै जाने हो भने अब मुलुकले सामाजिक तथा आर्थिक क्षेत्रमा राम्रै विकास गर्ने छ । स्थानीय जनताको सक्रियता र राज्यको नीति राम्रो भएमा देशको सर्वाङ्गीण विकास हुन धेरै समय लाग्ने छैन ।

**(ख) तलको अनुच्छेद पढी त्यसबाट तिन/तिन ओटा समस्त र द्वित्व शब्द खोजी तिनीहरूलाई विग्रह पनि गरेर लेख्नुहोस् :**

मिहिनेती र लगनशील राष्ट्र सेवक नै जीवनको लक्ष्यमा पुग्न सक्छन् । उनीहरू सानातिना झैझगडामा कहिल्यै पनि लाग्दैनन् । आआफ्नो कर्तव्यमा इमान्दार भएर समाजमा अनुकरणीय बनि रहेका हुन्छन् । यो देशका दाजुभाइ, दिदीबहिनीकै सरसल्लाहमा उनीहरू सदैव दैनन्दिनी चलाउने गर्दछन् । विनाकाम लखरलखर हिँड्नु, दोबाटोमा जिस्किएर बस्नुलाई उनीहरू अशोभनीय ठान्छन् र नै उनीहरूले प्रगति पनि गरेका छन् । राष्ट्रले पनि गौरवबोध गर्दछ ।

**(ग) तलको अनुच्छेद पढी छ ओटा सन्धि भएका शब्दको पहिचान गरी विच्छेद पनि गर्नुहोस् :**

हिमालय नेपालको प्राकृतिक वरदान हो । यही प्राकृतिक सौन्दर्य हेर्नका लागि पर्यटक नेपालमा आउँछन् र आफ्नो मनोरथ पुरा गरेर फर्कन्छन् । तथापि उनीहरूलाई ठगेर आफ्नो हात जगन्नाथ पार्न हामी नै तम्सिएको पनि पाइन्छ । बिचरा ! कति त वृद्धाश्रममै बस्नु पर्ने जस्ता पर्यटक सरोवरमा पौडी खेल्ने इच्छा राख्दै आएका पनि देखिन्छन् ।

**६. कुनै एक प्रश्नको उत्तर दिनु होस् :**

**(क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य समेत मिलाएर पुनर्लेखन गर्नुहोस् :**

ऊ पोखरामा बस्छ । ऊ विद्यालयमा पढाउँछ । उसकी एउटी महिला साथी छे । ऊ संस्थानमा काम गर्छे । ऊ आफ्नी महिला साथीलाई पार्कमा घुम्न जाने प्रस्ताव गर्छ ।

**(ख) तल दिइएका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् :**

प्रकाश राति अबेरसम्म पढ्छ । ऊ बिहान पनि सबेरै उठ्छ । ऊ एक छिन् घुम्न निस्कन्छ । ऊ घर फर्केर हातमुख धुन्छ । ऊ झोला बोकेर कलेज जान्छ ।

**७. क   तल दिइएका वाक्यहरूलाई पद सङ्गति मिलाएर लेख्नु होस् :**

मेरो काकीको छोरा  काठमाडौं बस्छे । ऊ कलेजमा पढ्छन् । ऊ मेहनती हुनहुन्छ । उसको बहिनी पनि त्यहीँ सँगै बसेर पढ्छ । उनीहरू राम्रो श्रेणीमा उत्तीर्ण हुन्छ । मेरो काकाकाकी आफ्नो छोराछोरीको पढाइप्रति गौरव गर्छ ।

**ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

यस वर्षको जाडो विदामा नगरकोट गइएको थियो । बिहान १० बजे त्यहाँ पुगियो । एक छिन पछि खाजा खाइयो । नगरकोटको 'भ्यु टावर' बाट सहरको सुन्दर दृश्य हेरियो । त्यहाँबाट सहर साँच्चै रमाइलो देखिएको थियो । केहीबेर जङ्गल परिभ्रमण पनि गरियो । त्यस दिन खुब रमाइलो गरियो । करिब ५ बजे घर आइ पुगिएको  थियो ।

**ग) तलका जटिल बाक्यहरूलाई आठ ओटा सरल वाक्यमा छुट्याउनुहोस् :**

पाथिभरा हिमाल ताप्लेजुङ जिल्लामा पर्छ भने त्यसको थाप्लामा महाकाली मन्दिर छ । जाडो मौसमामा त्यहाँ ६-७ महिना हिउँ जमेको हुन्छ त्यसैले त्यहाँ प्राय बैशाखदेखि आश्विनसम्म पर्यटकको घुइँचो लाग्छ ।

त्यहाँ भक्तजनहरुको भीड हुन्छ  किनकि त्यहाँ देशका विभिन्न ठाँउबाट तीर्थालुहरु आउँछन् । जहिले त्यहाँ ठुलो मेला लाग्छ तहिले विदेशबाट तीर्थालु पनि आउँछन् ।

**प्र.नं.८. तल दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

**क) तलका वाक्यहरूलाई एकै वाक्यमा संश्लेषण गर्नुहोस् :**

हर्षनारान खुसी हुँदै भरेङ उक्लिदै थिए । हर्षनारान बुइँगलमा आइपुगे । हर्षनारान बेसरी हाँसे । लतमाया छक्क परिन् ।

**ख) तलका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**

पुषको महिना आयो । जाडो भएन । पूर्वबाट उदाएका सूर्य पश्चिमबाटै अस्ताए । सूर्यको रापले ततायो । रापले चिटचिट पसिनै कढायो ।

**ग) तलको अनुच्छेदमा दिइएका सबै क्रियापदलाई अभ्यस्त भूतकालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

माघ दुई गतेदेखि परीक्षा सुरु हुन्छ । म परीक्षा राम्ररी लेख्छु । मैले पहिलो परीक्षा पनि बिगारेँ । यस पटक मेरो तयारी राम्रो भएको छ ।आज पनि म राम्ररी पढ्छु । मैले टिभी पनि हेरेको छैन । म घुम्न पनि जान्नँ । यसपछि मलाई सबैले माया गर्नु हुने छ ।

**९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

लोकतन्त्रमा सूचनका माध्यमहको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूको समेत प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारको तर्फबाट हुने परिपाटी अझै पनि नभएका होइन तर छापा माध्यम भने प्राय : सरकारद्धारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले छापा माध्यम सरकारले चलाइरहेको छ । लोकतन्त्रको पुनर्स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरूमाथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणत्मक परिवर्तन भने आउन सकेको देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवथित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनको कारण हुन पुगेको स्वाभाविक परिणाम मात्र अनुभव हुन्छ ।

**प्रश्नहरू**

(अ) लोकतन्त्रमा सञ्चार माध्यमको व्यवस्थापन कसरी गर्नु उचित हुन्छ?

(आ) लोकतन्त्रको पुनस्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी कस्तो थियो ?

(इ) लोकतन्त्रले सञ्चार क्षेत्रमा कस्तो परिवर्तन ल्यायो ?

(ई) नेपालमा सरकारी स्तरबाट के कस्ता सञ्चार माध्यमहरू सञ्चालित छन् ?

(उ) 'प्रसारण माध्यम'  र 'अपेक्षाकृत' शब्दको अर्थ लेख्नुहोस् ।

**१० . तलको अनुच्छेद पढी मुख्य मुख्य चार बुँदा टिपोट गरी सारांश लेख्नुहोस्:(५)**

नेपालमा पछिल्ला दिनहरुमा छापा साथसाथै विद्युतीय माध्यमको तीव्र विकास भइरहेको छ । यसको प्रतिफल स्वरुप आम सञ्चार र पत्रकारिता विषयको अध्ययनका लागि शैक्षिक वातावरण पनि बन्दै गएको छ । आज देशमा विश्वविद्यालयस्तरमा आम सञ्चार र पत्रकारिता विषयको अध्ययन अध्यापन हुने तथा अनेक तालिम दिने संस्थाहरु पनि सक्रिय रहेको अवस्था छ । यस्तो स्थितिमा अहिलेका लोकप्रिय माध्यमका रुपमा रहेका एफ.एम. रेडियोहरुमा अन्य विभिन्न कार्यक्रमहरु प्रसारित हुने गरे तापनि आम सञ्चार र पत्रकारितासँग सम्बन्धित कुनै कार्यक्रम छैन । वस्तुतः अहिले यस प्रकृतिको कार्यक्रमको आवश्यकता रहेको छ । प्रस्तावित रेडियो कार्यक्रमले नेपालमा आम सञ्चार र पत्रकारिताको व्यावसायिक एवम् शैक्षिक गतिविधि तथा यस विषयमा उच्च शिक्षा अध्ययनबाट प्राप्त हुने अवसर बारेमा प्रसारण गर्ने हुनाले यसबाट एकातिर सर्वसाधारण तथा विद्यार्थी अरुलाई उच्च शिक्षा तथा तालिम प्रप्त गर्ने कुन-कुन संस्थाहरू छन् भन्ने बारे जानकारी सहजै मिल्छ ।

**११.आफ्नो घरमा एउटा टेलिफोन लाइन जडान गरिदिन अनुरोध गर्दै स्थानीय दूर सञ्चार कार्यालयका प्रमुखलाई सम्बोधन गरी एउटा निवेदन लेख्नुहोस् ।**

**१२.आफू सहभागी भएको कुनै महत्वपूर्ण शैक्षिक भ्रमणलाई विषय बनाई १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।**

**अथवा**

**. 'बढ्दो सवारी दुर्घटना' शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद  लेख्नुहोस् ।**

**१३. तल दिइएका कुनै एक शीर्षकमा ३०० शब्दमा नबढाई निबन्ध लेख्नुहोस् :**

(क) जीवनको लक्ष्य (ख) आफूलाई मन पर्ने साहित्यकार (ग) नेपालमा प्रविधिको विकास ।

**१४.क  'एक चिहान' उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्:**

मलाई पनि थाहा छ युगको गति,स्वतन्त्रताको महत्त्व र मानव इच्छाको कुरा तर म स्वतन्त्रताका नाउँमा जसले जोससँग जस्तो पनि प्रेम गरेर हिँडेको हेर्न चाहन्नँ । प्रेमको पनि महत्त्व हुन्छ,उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मापदण्ड हुन्छ ,सीमारेखा हुन्छ, विधान हुन्छ सुपात्र र कुपात्र हुन्छ । यी सब कुरालाई, बाटोलाई, तबरलाई नाघेर मानिस हिँड्न सक्दैन, पाँउदैन । त्यसैले जीवनमा अभिभावकहरू हुनु बेसै छ । यो सौभाग्यको कुरा हो र अभिभावकहरूले यस कुराको ख्याल विचार राम्ररी पुऱ्याउनु पर्छ ।

प्रश्नहरू:

(क) माथिको गद्यांशमा प्रेमका विषयमा कस्तो विचार व्यक्त गरिएको छ ? उपन्यासका आधारमा स्पष्ट गर्नुहोस् ।

(ख) अभिभावकहरूले के कुराको ख्याल गर्नुपर्दछ ? के शिवनारानले सही अभिभावकको भूमिका निर्वाह गरे ? उपन्यासका आधारमा स्पष्ट गर्नुहोस् ।

**((ख) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

हकिङले पृथ्वीमा आइपर्ने सम्भावित विपत्तिबाट बच्न मानव समुदायलाई बारम्बार सचेत गराउने गर्थे । उनले परमाणुयुद्ध, विश्वव्यापी तापक्रम वृद्धि, प्रकृति विरुद्धका मानवीय गतिविधिका कारण पृथ्वीमा मानव जीवन खतरामा रहेको बताएका छन् । यसैले यसतर्फ समयमै सचेत हुन आग्रह गरेका छन् । यस्तै उनले मानिसलाई कृत्रिम बुद्धिमत्तापूर्ण रोबोटको निर्माणमा सचेत हुनुपर्ने बताएका छन् । कृत्रिम बुद्धिमत्तापूर्ण रोबोट मानिसको दिमागका उपज हुन् तर यिनीहरुको स्मरण र विश्लेषणात्मक सामर्थ्य मानिसको भन्दा धेरै हुँदै गइरहेको छ । मानिसले गर्न सक्ने सबै काम यी यन्त्रहरु सजिलै गर्न सक्छन् । यसैले उनी कृत्रिम बुद्धिमत्ताले मानिसलाई नभई मानिसले कृत्रिम बुद्धिमत्तालाई नियन्त्रण गर्नुपर्ने मान्यता बारम्बार दोहोऱ्याइरहन्थे ।

**प्रश्नहरू**

(अ) पृथ्वीमा मानव जीवन खतरामा पर्नुका कारण के के हुन्?

(आ) हकिङले मानिसलाई किन रोबोटको निर्माणमा सचेत हुन आग्रह गरेका हुन्?

(१५ आफ्नो दृढ सङ्कल्प पूरा गर्न मानिस जतिसुकै सङ्घर्ष गर्न पनि तयार हुन्छ भन्ने कुरा विरहिणी दमयन्ती कथाका आधारमा  प्रतिक्रिया लेख्नुहोस्

१६     आमाको सपना के हो  र त्यो कसरी साकार हुन सक्छ ? आमाको सपना कविताका आधारमा समीक्षात्मक उत्तर दिनुहोस्  ।